# ३. फलदायीपनको समझ (भाग ३)
# फल फलाउन बोलावट

क. मुख्य पदहरु

| | |
|---|---|
| यूहन्ना १५:१-१७ | यूहन्ना १२:२४ |
| मत्ती ३:१० | यूहन्ना १७:७-८ |
| मत्ती २५:१४-३० | कलस्सी १:१० |
| मत्ती ७:१६-२० | रोमी ७:४ |

ख. परिचय

चेलापनको लक्ष फल फलाउनु हो. हाम्रो जीवनभित्र परमेश्वरको राज्यको प्रभावकारिता व्यक्तिगत वरदान र पवित्रतामा बृद्धिको उपज हुनुपर्छ. फल फलाउनु हाम्रो विकासको निम्ति लाभदायक हुन्छ. जुन व्यक्ति निरन्तर उत्पादनशील छ ऊ आफ्नो परमेश्वरसितको बाहिरी व्यवहारमा समेत स्वस्थ र प्रेरणात्मक हुन्छ. सुस्तताले नैराश्यता उत्पन्न गर्छ र जुन पछि गएर कुनै काम नलाग्ने हुनपुग्छ.

हाम्रो जीवनमा परमेश्वरको निम्ति फल फलाउनकै लागि हामीलाई पवित्र आत्मा दिइएको हो. हाम्रो समर्पणता र स्वीकारोक्तिले उहाँलाई सघाउ पुऱ्याउंछ अनि हाम्रो अनाज्ञाकारिता र ढीठपनले परमेश्वरलाइ बाधा दिन्छ (लूका १२:२१). हाम्रो जीवनको प्रत्येक अंगले पर्याप्त मात्रामा हाम्रो आफ्नै फाइदाको निम्ति र परमेश्वरको महिमाको निम्ति पनि फलहरु फलाउनु उहाँको उद्देश्य रहेको छ. तिनीहरुका फलहरुद्वारा तिनीहरुलाई तिमीले चिन्नेछौ भनेर येशूले भन्नुभएको थियो (मत्ती ७:१६-२०). फल नफल्नुको स्वाभाविक कारणहरु प्रायश: हाम्रा व्यक्तिगत जीवन र भावनाहरुसित सम्बद्ध हुन्छन्. जीवनका यी पक्षहरुलाई हामीले व्यवस्थित नगरुन्जेलसम्म भय र (मन) भित्रको लडाईले परमेश्वरको निम्ति हामीमा निहित सामर्थ्यहरुमाथि विजय प्राप्त गर्दै हामीलाई पराजित गर्नेछ.

ग. परमेश्वरको निम्ति फल फलाउन र केही उपलब्धि हासिल गर्न हामीले चार क्षेत्रमा बलियो पकड राख्नुपर्छ

१. **विश्वासको सम्बन्धमा स्पष्ट समझ (धारणा) राख्नु**

एउटा चेला त्यो व्यक्ति हो जसले येशूको वचनमा हरसमय आफूलाई समर्पित गरिराखेको हुन्छ. तर यो सम्भव हुनको निम्ति आत्मिक सत्य बुझ्ने तत्परता व्यक्तिमा हुनुपर्छ. धर्मशास्त्रलाई जाँच्न थालेपछि मात्र यो उद्देश्यमा सफलता प्राप्त हुन्छ, बुद्धि अथवा टाउकोमा ज्ञान थुपार्ने मात्र हैन तर हृदयमा राख्ने. यसो गरेमा सही र गलत छुट्ट्याउनमा हामीलाई मदत मिल्नेछ. यदि हामी सुसमाचार प्रचारमा प्रभावशाली हुन चाहने हो भने हामी के मा विश्वास गर्छौं र कसरी विश्वास गर्छौं त्यो कुराको स्पष्ट समझको हामीमा विकास हुनु जरुरी छ. यसो गर्नको निम्ति थियोलोजीको पढाई पूरा गर्ने आवश्यकता छैन. परमेश्वरका गहिरा कुराहरु जान्न सिक्न चाहने व्यक्तिको लागि पवित्र आत्मा आफै शिक्षक र अगुवा भइदिने प्रतिज्ञा गर्नुभएको छ (१कोरिन्थी २:९-१६). हाम्रो दैनिक जीवनको निम्ति पनि यही कुरा लागु हुन्छ. समझदारीपूर्ण विश्वासमा हाम्रो बोलावट भएकोले यसले हामीलाई आफ्नो सानोतिनो भावना र आवेगहरुबाट छुटकारा दिन्छ. विश्वासमा दह्रो भएमा हामी ठूलो आत्मिक सामर्थ्य प्राप्त गर्नेछौं. यसको मतलव धर्मशास्त्रको महत्वपूर्ण सत्यहरुमाथि हाम्रो अधिकार भएको छ अनि यो आफ्नै हुनपुगेको छ. अब हाम्रो जीवनको निम्ति एउटा जग तयार छ जुन हाम्रो भावना तथा परिस्थितिहरु भन्दा पनि स्थायी र सुरक्षित छ.

२. **जीवनमा सम्पूर्ण इमान्दारी**

हाम्रो जीवन गाडीको ब्याट्री जस्तै हो. ब्याट्रीहरु धेरै इकाइहरुबाट बनेका हुन्छन्. ब्याट्रीले राम्रोसित काम गर्नको निमित्त यसका प्रत्येक अंश स्वस्थ अवस्थामा हुनुपर्छ. यदि ब्याट्रीको एक या दुइ सेल (cell) बिग्रियो भने सम्पूर्ण ब्याट्रीलाई प्रभाव पार्छ. हाम्रो जीवनमा पनि यस्तै हुन्छ. परिपक्वता सम्पूर्ण जीवनसँग सम्बद्ध छ. येशू हाम्रो सम्पूर्ण जीवनको प्रभु हुनुपर्ने तथ्यलाई हामीले स्वीकार गरेनौ भने आत्मिक पक्षमा बढी जोड दिनुले कुनै फाइदा गर्दैन. आत्मिक सामर्थ्यको सम्बन्ध आत्मविश्वाससँग छ. हाम्रो जीवनको कुनै पक्ष ठीक छैन भन्ने हामीलाई थाहा छ भने आत्मविश्वाससाथ हामी परमेश्वरको सामुन्ने पर्न सक्दैनौ (१यूहन्ना ३:२१-२२).

३. **जीवन र समयमाथि अनुशासन**

धेरै मानिसहरु आफ्नो समय र शक्तिलाई कसरी उपयोग गर्ने र त्यसबारेमा तिनीहरुमा उचित व्यवस्थापनको ज्ञान नभएकोले तिनीहरुले समय र शक्ति सित्तैंमा खेर फाल्छन. हामी समय र काम गर्ने तरीकाको दास प्रवृतिमा जिउनु पर्दैन तर जीवनको उद्देश्य र समय कसरी उपयोग गर्ने भन्ने सम्बन्धमा हामीले प्रश्न गर्नुपर्छ. परमेश्वरले देखाउनुभएको अनुशासनमा हामी जिउनुपर्छ (२तिमोथी १:७) आत्मिक अनुशासन विना हामी गलत किसिमको तनावमा जिइरहेका हुन्छौं र त्यसकारण हाम्रो जीवनमा स्पष्ट प्राथमिकता (खास के चाहिँ गर्ने) भनेर खुलेको हुँदैन. त्यस प्रकारको लक्षहीनताले छिटै नै हाम्रो जीवनमा आत्मिक असन्तुष्टि तथा आत्मिक लङ्गडोपन ल्याउंछ.

४. **आत्मिक लक्षहरु र तिनीहरुको पालन**

हाम्रो जीवनको निम्ति हामीले आफ्नो लक्ष निर्धारण गर्नुपर्छ र ख्रीष्टको सेवकाईमा खास के कुरालाई हामीले निशाना बनाइराखेका छौं सो हामीले जान्नुपर्छ (फिलिप्पी ३:१२).

## घ. आफैमाथि विजय पाउनु

परमेश्वरको निम्ति प्रभावकारी हुन हामी आफैं कहाँ छौं सो जान्नुपर्छ. के कुराले हामीलाई प्रभाव पार्छ, ख्रीष्टको सामर्थी शक्ति कुन क्षेत्रमा छ र अझ बढी त कुनबेलामा हाम्रा प्रत्युत्तरहरु नकारात्मकदेखि सकारात्मकमा परिणत हुनुपर्ने हो, हामी जुन कामका निम्ति बोलाइएका छौं, डर अथवा पक्षपात विना स्वतन्त्र रुपमा हामी आफूलाई व्यक्त गर्नसक्नको निम्ति हामीले आफैं कहाँ छौं सो जान्नुपर्छ.

## ङ. व्यक्तिगत स्वतन्त्रता र परमेश्वरको निम्ति प्रभावकारितामा आइपर्ने तीनओटा शत्रुहरु (बाधाहरु)

१. डर

डर सबैभन्दा ठूलो शत्रु हो र यो अनेक भेषमा देखापर्ने गर्छ.

"प्रेममा डर हुदैन, तर सिद्ध प्रेमले डरलाई हटाउंछ. किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउंछ प्रेममा त्यो सिद्ध भएको हुदैन." (१यूहन्ना ४:१८).

धर्मशास्त्रको यो पदमा हामी निश्वार्थ र बलिदानात्मक प्रेम जसलाई "अगापे" प्रेम भनिन्छ, परमेश्वरको यो मजबुत प्रेमले हामीलाई डरबाट छुटकारा दिन्छ. डर अथवा भय असुरक्षाको भाइ हो. अन्य मानिसहरुसित गरिने तुलना र हाम्रो आफ्नो सेवकाईमा शान्ति र सुरक्षा अनुभव गर्न नसक्नु नै हाम्रो सेवकाईको प्रभावकारिता कम हुने कारणहरुमध्ये एक हो (२कोरिन्थी १०:१२). अर्कोतिर एक किसिमको तुलना पनि छ जुन अझ बढी प्रभावकारिताको निम्ति प्रेरणादायी हुनसक्छ. यस प्रकारको तुलना हाम्रो आफ्नो जीवन र प्रभुको सेवामा आत्मविश्वासमा आधारित हुन्छ. अनि त्यसरी अरुहरुप्रति खुल्ला हृदय र कृतज्ञता जनाउदै तिनीहरुको अनुभवहरुबाट पाठ सिक्न सिद्धान्तमा परिणत सकारात्मक तुलनाबाट मात्र सम्भव हुन्छ.

## २. घमण्ड

हाम्रो जीवन र सेवकाईको मूल सिद्धान्त हृदयको चूर्णता हुनुपर्छ. किनभने एउटा सफल जीवन र सेवकाईलाई शैतानले शरीरमा परिवर्तन गर्ने मौका सजिलै पाउन सक्छ. घमण्डको आंखाले ज्योतिलाई धमिलो पार्दै हृदय कठोर तुल्याइदिन्छ. यसले आत्मिक संवेदनशीलतामा कमी ल्याउंछ. परमेश्वरसँग बिछोड हुनुको साथै अरु मानिसहरुको खांचोलाई पनि हामी देख्न छाड्छौं. वास्तवमा भन्ने हो भने धर्मशास्त्रमा वर्णित विनम्रता निकृष्ठ स्वभावको हुनुहुदैन तर परमेश्वर र अरुहरुप्रतिपनि खुल्ला मनको हुनु हो. यही नै साँचो विनम्रता र दीनताको मुख्य चिन्ह हो. यो ढीठ र घमण्डी आत्माको विपरीत हो (हितोपदेश ६:१६-१९). सम्भव भएसम्म हामी आत्मिक र वरदानयुक्त हुनसक्छौं तर गलत आत्मा र विचारले फल फलाउने सबै गतिलो सम्भाव्यतालाई यसले नष्ट पारिदिन्छ. घमण्डको सामना परमेश्वर एउटै तरीकाले गर्नुहुन्छ, त्यो हो यसको प्रतिरोध गरेर. यही पापले लुसिफर (शैतान) लाई महिमादेखि पतन गरायो र त्यसपछि मानवजातिमा प्रकट भएका सबै पापहरुमा पनि यसको प्रभाव छ. परमेश्वरले घमण्डलाइ हल्का रुपमा लिनुभएको छैन. हरेक अवस्थामा उहाँ यसको विरोध गर्नुहुन्छ (१पत्रस ५:५-६).

## ३. विसँगति वा अमिल्दोपन

यो भर पर्न नसक्ने अवस्था हो. प्रत्येक हुरि बतासमा हामी आफ्नो लक्ष, सिद्धान्त तथा विचार परिवर्तन गर्छौं भने हामीलाई साथ दिने कि नदिने भन्ने कुरामा मानिसहरु अलमलिन्छन्. यसले अरु मानिसहरुमा (हाम्रो सम्बन्धमा) ठूलो असुरक्षा उत्पन्न गर्छ र यसरी (एक आपसमा) विश्वास

तोडिन्छ अनि तिनीहरुसितको हाम्रो सम्बन्ध चुंडछ. अरु मानिसहरुसँग र तिनीहरुका निम्ति हामी प्रभावकारी हुन तिनीहरुले हामीमाथि भरोसा गर्न सक्नुपर्छ चाहे तिनीहरुले हाम्रा विचारहरुमा सहमति जनाउन कि नजनाउन. हामी सबैको जीवनको निम्ति परमेश्वरको उद्देश्य हृदय र जीवनमा परिपक्वता तथा निष्कपटता ल्याउनु हो. फलदायी र प्रभावकारी नेतृत्वको निम्ति अत्यावश्यक तीन गुणहरु हुन - विनम्रता, विश्वास र इमान्दारी. अगुवाहरु अन्य मानिसहरुका निम्ति उपलब्ध हुनुपर्छ. अरुहरुले तिनीहरुको जीवन पढन सक्नुपर्छ, तिनीहरुको काम र व्यवहारका आधारहरु स्पष्ट हुनुपर्छ. अरुहरुको जीवनमा पनि आशिषका कारणहरु हुनसक्ने व्यक्तिहरुद्वारा अरुलाई शिक्षा दिनमा मात्र हैन तर ती कुराहरु तिनीहरुका आफ्नै जीवनबाट समेत प्रष्फुटन भइरहेका हुन्छन्. प्रभावकारी हुनको निम्ति आफूमा भएको वरदान र बोलावट बारे थाहा पाउनुपर्छ तर ती कुराहरु नभएमा पनि शरम या माफी माग्नुपर्ने कुनै कारण देखिँदैन. एउटा विनम्र मानिस त्यो हो जसले आफ्ना इच्छाहरुमा परमेश्वरको इच्छालाई सामेल गराएको हुन्छ. ऊ त्यस्तो व्यक्ति हो जसले आफ्नो जीवनमा परमेश्वरको बोलावट र ख्रीष्टमा आफ्नो सही स्थानको प्रकाशमा आफूलाई हेर्छ. साँचो विनम्रताको रहस्य यही हो किनभने त्यसो भएमा हाम्रो जीवनमा र जीवनबाट परेमश्वर जे गर्न चाहनुहुन्छ त्यसलाई हामी वास्तवमा नै स्वीकार गर्न सक्छौं (२इतिहास १६:९).

हामी जे छौं त्यसैको अर्को प्रतिरुप हामी खडा गर्छौं; यो नै फल फलाउनुको ठूलो सिद्धान्त हो. यदि हामी कमजोर चरित्रका छौं भने हामीले आफैंभन्दा नैतिक चरित्रमा कमजोर तथा दुब्लो र विचलित व्यक्तिहरु खडा गर्छौं. यदि हामी डरमा रहन्छौं र त्यसलाई नै हामीले प्रेरणाको स्रोत ठान्यौं भने हामीसँग सँगतमा पर्ने अरु व्यक्तिहरुमा पनि त्यस्तै किसिमका भयको बिजारोपण गरिदिन्छौं (वास्तवमा हामी कोसित सँगत गर्छौं त्यसमा भरपर्छ). हामी विश्वासका मानिसहरु नभएमा अरुलाई विश्वासमा डोऱ्याउन सक्दैनौ. फल फलाउने कि नफलाउने त्यो हामी आफैंभित्रको कुरा हो (सम्पूर्ण जीवन पारदर्शी हुनुपर्छ). त्यसैकारण सबै गलत प्रेरणा, वैयक्तिक शंका र भय, मानव प्रयत्नको मुख्य बुँदा अस्थिरतादेखि हाम्रो जाँच गर्न र हामीलाई धुनको निम्ति पवित्र आत्मासँग हामीले विन्ती गर्नुपर्छ. हाम्रो आफ्नै निजी जीवनलाई व्यवस्थित गर्नुपर्छ र यसरी

परमेश्वरले हाम्रो जीवन तथा सेवकाईका माग अनुसारको बन्न हामीलाई स्वतन्त्र पार्नुहुनेछ.

हाम्रो जीवनको निम्ति हामीले परमेश्वरको दर्शनलाई आफ्नो बनाउनु पर्दछ. आफ्नो जीवनको निम्ति कैयौं मानिसहरु परमेश्वरको दर्शन कहिल्यै प्राप्त गर्दैनन्. किनभने आफ्नो भित्री (आन्तरिक) जीवनमा परमेश्वरको वचन सुन्ने वा उहाँको दर्शन पाउने (आत्मिक) स्वस्थ अवस्थामा तिनीहरु कहिल्यै देखिंदैनन्. आत्मिक परिपक्वतामा निरन्तरको कमीले गर्दा तिनीहरु अपाङ्ग जस्तै हुन पुगेकाले जीवनमा कुनै प्रष्ट विचार वा उद्देश्य भए-नभएको तिनीहरुमा कुनै चेतना नै हुँदैन. दर्शनले जीवनमा तयारी गर्ने अठोट उत्पन्न गराउंछ. हामीलाई पूरा गराउन चाहनुहुने दर्शनका निम्ति हामीलाई योग्य बनाउन निरन्तर रुपमा हाम्रो जीवनमा सुधारात्मक पाइला चाल्न परमेश्वरलाई हामीले बाटो खोलिदिनुपर्छ. परमेश्वरले हाम्रो जीवनमा गर्न चाहनुभएका कुराहरुलाई हामीले देख्न सकेमा ती कुराहरु सफल हुनका निम्ति हामीले आफैंमा के के परिवर्तन गर्नुपर्ने रहेछ सो पनि देख्नसक्नेछौं.

परमेश्वरले बोलाउनु भएका कुरामा फलवन्त हुन चाहन्छौं भने हामीले त्यो चुनौतीसँग सुहाउंदो जीवन जिउनुपर्छ. तथापि फलवन्त हुन अगाडि नै हामी हरेक कुरामा पोख्त वा सिपालु हुनुपर्ने आवश्यकता चाहिँ हुँदैन. परमेश्वरको प्रशंसा होस्, हाम्रो स्वभावमा भएको कमजोरीहरुलाई उहाँले पूरा गर्नुहुनेछ र यसरी हामी उहाँको इच्छालाई अझ बढी उद्देश्यमूलक किसिमबाट पछ्याउन सक्नेछौं (याकूब १:५).

ख्रीष्टमा जे हुनसकेका छौं त्यो नै एक किसिमले फलवन्त हुनु हो. पवित्र आत्माको अगाडि सम्पूर्ण (काम, व्यवहार तथा विचारमा) पारदर्शी हुनु हो. क्रूसको सामर्थ्यमा हाम्रा जीवनका नकारात्मक पक्षहरुमा उहाँलाई काम गर्न दिनु हो. हाम्रा यी इच्छा र मानवीय कमजोरीहरु प्रभुमा आत्मसमर्पण गरिदिनु हो. त्यसो भएमा उहाँले हामीलाई अझ बढी सिद्ध भांडोमा ढाल्न सक्नुहुनेछ र हामीलाई प्रभुले आफ्नो काममा लगाउनुहुनेछ (२तिमोथी २:२०-२१). परमेश्वरको वचन र उहाँको उद्देश्य पूर्तिका निम्ति उहाँलाई हाम्रो जीवनमा स्थान दिनुपर्छ.

च. दिशा परिवर्तन गर्नु

फल फलाउन सक्नुको वास्तविक रहस्य जीवनमा उत्पन्न हुने कठीन चुनौतीहरुमा कसरी व्यवहार गर्ने भनेर सिक्नुमा रहेको छ (अर्थात नकारात्मक पक्षलाई सकारात्मकमा परिवर्तन गर्ने किसिमले कसरी संचालन गर्ने ?) जीवन कसरी चलाउने र हामीमा घटने घटनाहरुलाई परमेश्वरको निम्ति काम लाग्ने कसरी बनाउने सो जानेपछि हामी फलवन्त हुनेछौं. सफलता र विफलता दुवैलाई हामीले चलाउन सिक्नुपर्छ र यसरी घमण्डद्वारा हाम्रो जीवनमा प्रवेश गर्ने शैतानले कुनै मौका पाउन सक्नेछैन. घमण्डले विश्वासलाई अनुमानमा परिवर्तन गर्छ र त्यसपछि जीवन र ठाउँको शेखी हाम्रो सेवकाईमा प्रेरणा हुनपुग्छ. यहाँसम्म कि हाम्रा सफलताहरुले पनि येशूको क्रूसको फेदिमा मर्नुपर्छ. त्यसपछि मात्र हामी सही अर्थमा परमेश्वरको प्रयोगको निम्ति "दीन" वा "केही नभएको" हुनसक्नेछौं (फिलिप्पी ४:११-१३).

छ. सात क्षेत्रभित्र रहेर वृद्धि हुन हामी कसरी सिक्नसक्छौं ?

१. हतोत्साह

विभिन्न तहमा हामी सबैलाई यसले प्रभाव पार्छ. सबैभन्दा ठूलो हतोत्साह वा निराशा प्रायश: कुनै आत्मिक विजय वा सफलताको केही समय लगत्तै पछि आउने गर्छ किनभने त्यसबेला हाम्रा सबै आन्तरिक स्रोतहरु सुख्खा भएका हुन्छन्. त्यसकारण त्यसबेला हामी असुरक्षित हुन्छौं.

हतोत्साहले प्राथमिकताका गलत मान्यतालाई चिनाउंछ. त्यसकारण हामी सबै परिस्थितिहरुलाई परमेश्वरको दृष्टिमा हेर्न असफल हुन्छौं तथा मानव मूल्य अनुसार समेत हामी सच्चाईमा जिउन सक्दैनौं.

हतोत्साहले हामीलाई हाम्रो वास्तविक जिम्मेवारीबाट भाग्न लगाएर आत्मदयातिर धकेलिदिन्छ. यो प्रकृतिको सबैभन्दा घातक हतियार हो. यसले हामी आफैंलाई स्वयंको विरुद्धमा उक्साएर अन्धकारको मुस्लोभित्र लटपट्याउंछ र हामी यसरी वास्तविकता देख्न नसक्ने हुन्छौं. अरुका निम्ति हामीले पूरा गर्नुपर्ने जिम्मेवारीदेखि बेवास्ता गर्न लगाउंछ र हामीलाई शारीरिक अनि आत्मिक रुपमा समेत कुंजो बनाइदिन्छ.

सही दृष्टिकोण राख्नै नसक्ने गरी हामीलाई यसले छिन्नभिन्न पार्छ. हामी हतोत्साह भएको बेलामा हामीले आफैंलाई प्रभुमा साहस दिलाउनु

पर्छ. हामीले आफ्नो दृष्टिकोण परमेश्वरमा टिकाउँदै उहाँले जस्तै अवस्थाहरुलाई बुझ्नुपर्छ.

२. **तुलना**

हामी खाली ठाउँ (शुन्य) मा प्रभुको सेवा गरिरहेका छैनौं. हामी ख्रीष्टको सम्पूर्ण शरीरको एक अंश हौं. हामी ती मानिसहरुसित पनि नजीकमा सम्बन्धित छौं जो आ-आफ्नै बरदानद्वारा आ-आफ्नै तरीकाले सेवा गरिरहेका छन्. यो कुरा हाम्रो निम्ति धेरै ठूलो आनन्द मनाउने कारण हुनुपर्छ किनभने परमेश्वरले आफ्नो अनन्त बुद्धिमानीमा विभिन्न सेवकाईमा विभिन्न किसिमका मानिसहरुलाई राज्यको सेवा गर्न समर्थ तुल्याउनुभयो. तथापि धेरैचोटी आफ्नो हृदयमा अनुभव गरिएका अपर्याप्तता र कमजोरीले गर्दा हामीलाई कष्टको अनुभूति हुन्छ. तिनीहरुका फलदायीपन (अरुको बरदान तथा योग्यता) बाट आनन्द मनाउनुको सट्टा हामी आफू खतरा अनुभव गर्नथाल्छौं. त्यसरी हामी अरुका सम्बन्धमा सकारात्मक कुरा गर्नुको बदला नकारात्मक तथा आलोचनात्मक हुन्छौं अनि तिनीहरुलाई बनाउन छोडेर दोष पत्ता लगाउँदै खुट्टा तानेर झार्न चाहन्छौं.

*"फलामले फलामलाई उध्याएजस्तै एउटाले अर्को मानिसलाई उध्याउंछ."*
हितोपदेश २७:१७

यसो हुनको निम्ति हामीले तीन कुराहरु गर्नुपर्छ

- हामी सकेसम्म प्रभुको सामुन्ने आफ्नो बोलावट र त्यसकै परिधिभित्र रहनुपर्छ. अर्को मानिसको बोलावटभित्र अटाउने प्रयत्न गर्नु खतरायुक्त हुन्छ.
- परमेश्वरको सामर्थ्यमा ढुक्क भएर बस्नुस. परमेश्वरले तपाईमा र तपाईभित्र यसो गर्नुहुने तथ्यमाथि सचेत रहनुहोस्. उहाँले गर्नुभएन भने कसैले पनि गर्न सक्दैन.
- अरुको फलदायीपनमा आनन्द मनाउनुहोस् विशेष गरी तिनीहरुका सकारात्मक पक्षहरुमाथि ध्यान दिनुहोस्.

३. **निराशा**

धेरैचोटी यो हाम्रो आफ्नै हृदयका असफल आशा तथा आकांक्षाहरुबाट आउंदछ. एउटा असफलताको बोधले सेवकाईको प्रभावकारितामा खतरा उत्पन्न गर्दछ. अरुको जीवनको निम्ति हामीले गरेका अपेक्षाहरु अपूरो

भएमा तिनीहरुको जीवनमा दृष्टि दिएमा त्यसबाट पनि निराशा उत्पन्न हुनसक्छ. यी निराशाहरुलाई हामीले हाम्रो विश्वासको "परीक्षास्थल" बनाउनुपर्छ. हाम्रो आत्मामा उत्पन्न निराशाको तीव्रतादेखि हामी अलग्गिनुपर्छ र यसरी यसको ताप कम हुनजान्छ. त्यसपछि यो हाम्रो विश्वासलाई खार्ने आगोको भट्टी हुनपुग्छ. यसले हामीलाई जे सुकै र जहिलेपनि इच्छा गरेको कुरा पाउनबाट रोकेर हाम्रो प्राणको भलाई नै गर्दछ (२कोरिन्थी ४:१६-१८).

**४. दवाव**

कुनैपनि साँचो सेवकाईमा समानुपातिक मात्रामा जिम्मेवारी पनि गांसिएको तथ्यलाई हामीले स्वीकार गर्नुपर्दछ. जिम्मेवारीमा दवाव पनि हुन्छ. गलत प्रकारले दवावको सामना गरेमा हामी त्यसमा किचिने छौं. एउटा खास विश्वासको सेवकाई वा आवश्यकताका दवावहरुमा अत्यधिक बोझ अथवा प्रेरणा (वा प्रोत्साहन) साबित हुनसक्छ. सही किसिमको दवावले हामीलाई काममा अगाडि बढाउनसक्छ र परमेश्वरको सामर्थ्यमा हामी धेरै उत्पादनमूलक हुनसक्छौं (याकूब १:२).

विशेषगरी अरु मानिसहरुका निम्ति हामी लाभदायक हुने हो भने हामीले आफूमा सही र गलत दवावहरुको पहिचान गर्ने वरदानको विकास गर्नुपर्छ. अनि ठीक चाहिँलाई स्वीकार गरेर बेठीकलाई मिल्काइदिनुपर्छ. दवावले लगनशीलताको विकास गर्छ जुन अहिलेको हाम्रो समयमा एकदमै आवश्यक छ किनभने परमेश्वरले हामीलाई दिनुभएको काम गर्नसक्ने क्षमताको यसले हामीभित्र विकास गर्छ. दवावले हामीमा निहित क्षमता देखाउंछ र ठीक तरीकाले चलाएमा क्षमतामा वृद्धि हुन्छ. दवावले हाम्रो जीवन तथा व्यक्तित्वमा निहित कमजोरीहरुलाई पनि प्रष्ट पार्छ. त्यसरी हामी समस्या शुरु हुनुभन्दा अगाडि नै यसबारेमा सचेत हुन्छौं. अनि आवश्यक आत्मिक परिवर्तनको निम्ति उपयुक्त पाइलाहरु चाल्छौं. समस्या त्यतिबेला उत्पन्न हुन्छ जब हामी गलत दवावलाई सहन्छौं. हामीलाई बोलावट नै नभएको अनि असुहाउंदो स्थान स्वीकार गर्‍यौं भने पनि त्यसबखत यस्ता समस्याहरु आइपर्छन्. शैतानले हाम्रो आंखालाई मन पर्ने गरी ती कुराहरु प्रश्तुत गरिदिन्छ. हाम्रो जीवनको निम्ति परमेश्वरको इच्छाभित्र रहेर आफूलाई दिइएको कामलाई स्वीकार

गर्दै मनमा शान्ति हुनुको सट्टा उहाँले हाम्रो लागि चाहँदै नचाहनु भएको माग र दवावको हामी शिकार हुनु हुँदैन.

हाम्रा वरदान र योग्यताहरु दवावमा परेर खारिन्छन्. परमेश्वरको लागि कहिं जान हामी अल्छी गर्छौं अनि अल्मल्याएर कति अबेर गरिदिन्छौं. त्यसकारण हाम्रो निम्ति उहाँ एउटा सुहाउंदो शान्तिदाता बन्न जान्नुहुन्छ र परमेश्वरको सामर्थ्यमा हामीलाई अगाडि बढाउनुहुन्छ.

**५. असहमति**

कसैले भनेका थिए *"एउटा संस्थाको लागि (व्यक्तिको) चाल चलनमा एकरुपता हुन जरुरी छ, तर संस्थामा विचारमा एकरुपता हुनु यसको स्थायित्वको लागि दुःखदायी साबित हुन्छ"* यदि दुईजना सहमत भएनन भने कसरी सँगै हिंडन सक्छन ? एउटा सेवकाईको निम्ति विचारहरु र काम गर्ने तरीकामा एउटा आधारभूत सहमतिको जरुरत पर्छ. तैपनि वफादारीको अर्थ प्रत्येक स-साना बुँदाहरुमा पनि सहमति जनाउनु होइन. यसप्रकारको सहमतिका माग आत्मिक नेतृत्वले गर्दैन तर एउटा अधिनायकले मात्र गर्छ. हामी प्रत्येकको कुनै अंशले सबैजनाले हामीसित सहमति जनाएको हेर्न इच्छा गर्छ तापनि यो विरलै हुने गर्छ. मानिसहरुका नाताले हामीमा सबै सत्य र असल गुणहरु छैनन्. हाम्रो आफ्नो विचार र सेवकाईको विकासका लागि सृजनात्मक प्रतिरोधको तत्व धेरै महत्वको हुन्छ. धेरैचोटि अन्य मानिसहरुका विचार तथा काम गर्ने तरीकाहरुका दवावले गर्दा हाम्रो आफ्नै विचार र पद्धतीहरु परिवर्तन हुन्छन् वा तिनको अनुमोदन हुन्छ. केही गरी तिनीहरुको अनुमोदन भएमा बाहिरी प्रतिरोध वा चुनौतीका सामुन्ने ती अझ बढी मजबुत र स्पष्ट हुन जान्छन्. यसलाई केवल विरोधका रुपमा नलिएमा यसबाट हामी अझ बढी परिपक्व हुनेछौं. एउटा कुराचाहिँ प्रष्ट छ - मतभिन्नता वा प्रतिरोधको पनि एउटा सीमा छ र सीमा नाघेपछि त्यसलाई सृजनात्मक प्रतिरोध भन्न मिल्दैन किनभने त्यसले सृजनजात्मक छलफलको सट्टा झुण्डहरुलाई युद्धतिर धकेल्छ.

**६. निन्दा चर्चा (झुटो) हल्ला र असमझदारी**

एउटा निन्दा चर्चा गर्ने जिब्रोले अर्को व्यक्तिलाई भयानक चोट पुऱ्याउंछ. जे मन लागेको बोल्ने व्यक्तिहरु आफूले अरुलाई कतिको पीडा पुऱ्याएको

छु भनेर विचारै गर्दैनन्. धेरै चोटि त्यसले निको नहुने चोट पुऱ्याएको हुन्छ (हितोपदेश १८:८; हितोपदेश १६:२८; याकूब ३:६). जतिसक्दो छिटो हामीले केही पाठहरु सिक्नुपर्छ.

- स्वर्गको राज्यमा "आत्मरक्षा झुण्ड" जस्तो कुनै कुरा हुदैन (छैन). अनावश्यक जोशमा आएर नचाहिंदो कुराको रक्षा गरिरहनुपर्ने खांचो छैन. यदि हामी तुरुन्तै प्रतिक्रिया जनाउंछौं भने दोश्रोपल्ट पनि हामीले गल्ती गर्ने सम्भावना हुन्छ किनभने यहांनिर हामी नरक भित्रदेखि आउने दुष्टताहरुको सामना गरिरहेका हुन्छौं. दु:खको कुराचाहिं यस्तो दुष्टता ख्रीष्टको सम्पूर्ण शरीरमा फैलिसकेको छ.
- यस्ता कुराहरुलाई बेवास्ता गर्ने, यसलाई अझ अगाडि बढाउने वा सत्यतापूर्वक यसको सामना गर्ने बारेमा निर्णय गर्न हामीले उपयुक्त समय थाहा पाउनुपर्छ. कुनैपनि प्रतिक्रिया देखाउनु उचित हुनेसमय पनि आउंछ तर त्यो भिन्नता छुट्ट्याउनसक्ने पवित्र आत्माको विवेकको बरदानको खांचो हामीलाई छ. कतिचोटि त त्यस्तो निन्दा चर्चाहरु गलत सूचना प्रवाहभन्दा बढी हुदैनन र त्यसलाई ठीक गर्नको निम्ति सत्यको सानो मात्रा पनि प्रशस्त हुनजान्छ.
- हाम्रो जीवन र क्रियाकलापलाई ती पीडादायी वचनहरुबाट हामीले चुनौती प्राप्त गर्न सिक्नुपर्छ. प्रायश: त्यस्ता आलोचनाहरुमा पनि सत्यका कणहरु फेला पर्छन र त्यसबाट हामी केही सिक्न सक्छौं.

परमेश्वरमा भएको जीवन र शान्तिलाई निन्दा चर्चाले खल्बल्याउन सक्दैन. परमेश्वर पितासित स्पष्ट सम्बन्ध राख्नुहोस् र आफू वास्तवमा कस्तो अवस्थामा छु भन्ने जानेपछि सबै कुराहरु व्यवस्थित भएको तथ्यलाई तपाईं यसबाट थाहा पाउनुहुनेछ.
*"समझले नै भ्याउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका हृदय र तिमीहरुका मनलाई येशूमा रक्षा गर्नेछ."* (फिलिप्पी ४:७)

### ७. चोटहरु र व्यक्तिगत समस्याहरु

(मानसिक) चोटले आत्मालाई भयानक रुपमा विदिर्ण (चूर्ण) पार्दछ.
*"मानिसको आत्माले त्यसलाई बिरामी अवस्थामा सहारा दिन्छ, तर चूर्ण भएको आत्माको पीडा कसले सहनसक्ला ?"* (हितोपदेश १८:१४)

यस्तो समयमा कतिचोटि हाम्रा सारा चोट तथा पीडालाई हामीले प्रभुमा सुम्पेको उहाँ चाहनुहुन्छ. हाम्रो आत्माको यस्तो गहन आवश्यकताहरुमा अर्को बिकल्प देखिँदैन. हाम्रो हृदयलाई पिताले सृष्टि गर्नुभएकोले उहाँलाई यसका पीडाहरुको ज्ञान छ. यसलाई कसरी निको पार्ने, यसलाई जीवितावस्थामा कसरी फर्काउने र फेरि काममा कसरी लगाउने सो सबै कुराहरु उहाँलाई थाहा छ. हामीलाई आत्मकरुणामा भौतारिन नदिन उहाँको मलहम हाम्रो हृदयमा कसरी लगाउने सो उहाँ जान्नुहुन्छ. उहाँको बाहुली मजबुत र प्रेमिलो छ.

*"तिमीहरुका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरुको वास्ता गर्नुहुन्छ."* (१ पत्रस ५:७).

ज. प्रश्नहरु र छलफलका बुँदाहरु

१. फल नफलाउने जीवनबाट कस्ता नतिजाहरु उत्पन्न हुन्छन ?
२. के तपाईंलाई थाहा छ तपाईं के मा र किन विश्वास गर्नुहुन्छ ?
३. के तपाईंको जीवनको कुनै पक्ष अर्को पक्षसंगको विरोधमा छ ?
४. तपाईंको धेरैजस्तो समय के गर्नमा व्यतित हुन्छ ? तपाईं आफ्नो समय खेर फाल्नुहुन्छ कि वा त्यसको उचित उपयोग गर्नुहुन्छ ?
५. के तपाईंलाई डरले जीवनको कुनै पक्षमा परमेश्वरको निम्ति उपयोगि हुनबाट बञ्चित गराएको छ ?
६. के मानिसहरु तपाईंमा भर पर्न सक्छन ? अनि तपाईंसित कुनै पनि अवस्थामा तिनीहरु साथ लाग्न सक्छन भनेर ढुक्क हुन सक्छन् ?
७. टुथपेष्ट भित्र के छ भनेर जान्न त्यसलाई बाहिरबाट दवाव दिनुपर्छ. त्यसैगरी तपाईंमाथि दवाव परेको बेलामा तपाईंमा मानिसहरुले के के देख्छन ?
८. हामी जे छौं हामीबाट त्यही कुरा निस्कने भएदेखि वास्तवमा हामीबाट के कुरा निस्कने रहेछन त ?
९. जब कठीन परिस्थितिहरु आउंछ त्यतिबेला कठीन (मजबुत) व्यक्तिहरुमात्र विजय प्राप्त गर्न सक्छन भन्ने वाक्य येशूका चेलाहरुका निम्ति उपयुक्त देखिन्छ. जीवनको यस घडिमा म यही सिद्धान्त अपनाएर जिइरहेको छु भनेर तपाईं भन्न सक्नुहुन्छ कि ?
१०. निराशा, तुलना, हतोत्साहपन, दवाव, असमझदारी, निन्दा-चर्चा, निराधार हल्ला, चोट र बैयक्तिक समस्याहरुलाई कसरी लिनुहुन्छ ? यिनीहरुलाई छुट्टा छुट्टै रुपमा बिचार गर्नुहोस्.

## झ. सारांश र प्रयोग

१. परमेश्वरको निम्ति येशूका चेलाहरुले आफ्नो जीवनमा फलहरु फलाउनुपर्छ.
२. परमेश्वरको निम्ति हाम्रो जीवनमा विश्वास, व्यवस्थित जीवन, अनुशासित र आत्मिक लक्ष हुनुपर्दछ.
३. भय, घमण्ड र अस्थीरता यी तीन कुराहरुमा विजय पाएर हामी परमेश्वरको निम्ति फलदायी हुनसक्छौं.
४. येशूको चेलाका रुपमा हामीलाई बोलावट भएको कुरामा हामी फलदायी हुन चाहन्छौं भने चेलापनको चुनौती अनुसारको जीवन हामीले जिउनुपर्छ.
५. जीवनका समस्या र चुनौतीहरुलाई परमेश्वरको इच्छा मुताविक सामना गर्न सिकेमा हामी फलवन्त हुनसक्छौं.
६. चोट, निराशा, हतोत्साह, असमझदारी, निन्दा-चर्चा तथा तुलना बाट शैतानलाई हाम्रो जीवनमा खुट्टा अडाउने ठाउँ हामीले दिनुहुँदैन.
७. हामी येशूका चेलाहरु “दाखको बोटका हांगा” हरु हौं (यूहन्ना १५:१-१७).हांगाको काम फल फलाउनु हो. फल फलाउनको निम्ति हांगाहरुले कहिल्यै पनि संघर्ष गर्नुपर्दैन, केवल रुख (बोट) मा कायम रहनुपर्छ. बोटले जीवनदायी रस हांगाहरुमा पठाउँछ र यसरी फलहरु फल्छ. येशू ख्रीष्टमा रहेर उहाँसँग नजीक रहदै उहाँसँग नछुट्टिकन आफ्नै मनखुशी नगरेमा उहाँले जीवनदायी पवित्र आत्मा हाम्रो जीवनमा पठाउनु भएपछि हामीले फलहरु फलाउन थाल्छौं. हाम्रो स्वर्गीय पिता बगैंचाको माली हुनुहुन्छ, यहाँ चंगाई पाएर स्वतन्त्र भएका र बांचेका आत्माहरुमात्र समावेश भएका हुन्छन. यो फलहरु खासगरी पिताको निम्ति हो. तर यहाँ हाम्रो जीवनमा देखिएका पवित्र आत्माका फलहरु पनि हुन्छन्. (गलाती ५:२२,२३). अरुहरुले यो फल देखेपछि तिनीहरु ख्रीष्टप्रति आकर्षित भएर उहाँमा आउंछन्. “तिमीहरु धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ.” (यूहन्ना १५:८).